# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको विवरण

**१. निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित विकास बैंक ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**३. निकायमा रहेका कर्मचारी संख्या र विवरण :**
हाल कार्यरत कर्मचारी संख्या १,१६१ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समुहका सदस्यहरुको नाम बैंकको वेवसाइट www.muktinathbank.com.np मा हेर्न सकिन्छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ सेवाहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण बैंकको वेवसाइट www.muktinathbank.com.np प्रकाशित गरिएको छ ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि यस बैंकको वेवसाइट www.muktinathbank.com.np मा हेर्न सकिनेछ ।

**७. निर्णय गर्ने प्रकृया र अधिकारी :**
बैकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुको विभिन्न प्रकारका निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ ।
प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागि प्रत्येक शाखामा उजुरी पेटिका राखिएको छ । केन्द्रीय कार्यालयमा कम्पनी सचिव तथा कानुन विभाग प्रमुखलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री डण्डपानी ढकाल
पद : प्रवन्धक
मुक्तिनाथ विकास बैंक लि., केन्द्रीय कार्यालय, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौ ।
फोन नं. ०१- ४१६८६८३, ईमेल : dandapani.dhakal@muktinathbank.com.np

**९. सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ कारोवार हरु सम्पादन भइरहेका छन् ।

**१०. सूचना अधिकारीको नाम र पद :**
ग्राहकहरुलाई सूचना प्रदान गर्न तपसील बमोजिमका सुचना अधिकारीहरुलाई तोकिएको छ ।
सूचना अधिकारी : श्री तिल बहादुर गुरुङ्ग
पद : सहायक नायव प्रमुख कार्यकारी अधिकृत
फोन नं. ०१- ४१६८६८३, ईमेल : til.gurung@muktinathbank.com.np

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ सोही बमोजिम ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि पालना गरिएका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. कम्पनी ऐन, २०६३
४. बैंकिङ्ग कसुर तथा सजायाँ ऐन, २०६४
५. सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४
६. धितोपत्र सम्बन्धी ऐन, २०६३
७. सुरक्षित कारोवार ऐन, २०६३
८. मुलुकी देवानी/अपराध (संहिता) ऐन २०७४
९. विनिमय अधिकार पत्र ऐन,२०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
१२. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकबाट जारी भएका सम्पूर्ण निर्देशन तथा परिपत्रहरु ।

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणहरु :**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने बैंकको वेवसाइटमा समेत रखिएको छ ।

**१३. बैंकको प्रमुख कायृकारी अधिकृतको नाम र ठेगाना :**
बैंकको प्रमुख कायृकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।
श्री प्रद्युमन पोखरेल
प्रमुख कायृकारी अधिकृत
मुक्तिनाथ विकास बैंक लि., केन्द्रीय कार्यालय, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौ ।
फोन नं. ०१- ४१६८६८३, ईमेल : pradyuman.pokharel@muktinathbank.com.np

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
यस बैंकले बैकिङ्ग कारोवार सम्बन्धि कार्यहरु गर्दै आइरहेको छ तर अन्य विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**१५. सार्वजनिक निकायको वेवसाइटको विवरण** : www.muktinathbank.com.np

**१६. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**
बैकका वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेवसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकका आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरी वेवसाइटमा समेत राखिएको छ ।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**
बैकले सञ्चालन गरेका कार्यक्रम र सो को प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्र पत्रिकामा त्रैमासिक रुपमा प्रकाशित हुँदै आएको छ भने वेबसाइटमा समेत अद्यावधिक गरिएको छ ।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
हालसम्म सूचना वर्गिकरण नगरिएको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
आ.व. ०७६/०७७ को चौथो त्रैयमासमा सूचना माग सम्बन्धी कुनै जानकारी नआएको ।

**२०. सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण :**
बैकको वेवसाइट www.muktinathbank.com.np प्रकाशित गर्ने गरिएको ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

# मुक्तिनाथ विकास बैंक लि.
# MUKTINATH BIKAS BANK LTD.

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu, Tel: 01-4168683 (Hunting Line), Fax No. 01-4168684
Toll Free No.: 16600149999, Fax: 01-4168684, E-mail:info@muktinathbank.com.np, www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ